# माडी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल

पत्र सं.: ०८३।०८४
चलानी नं.: २९

**विषय विज्ञ (रोष्टर) सूचीमा सूचीकृत हुने सम्बन्धी सूचना।**

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३।०६।०२ (ने.सं. ११४६ अंलाथ्व सप्तमि)

प्रस्तुत विषयमा, माडी नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८३।०६।०२ गतेको निर्णयानुसार यस माडी नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा प्रधानाध्यापक, अस्थायी तथा करार शिक्षक र कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न सञ्चालन हुने परीक्षा सञ्चालन कार्यहरूलाई थप व्यवस्थित, मर्यादित र प्रभावकारी बनाउन शिक्षा नियमावली, २०५९ (दशौं संशोधन सहित) एवम् प्रचलित कानूनमा भएको व्यवस्थासमेतका आधारमा विषय विज्ञहरूको सूची (रोष्टर) तयारी तथा अद्यावधिक गर्ने निर्णय भएकाले चितवन जिल्ला भरका सामुदायिक विद्यालयमा स्थायी सेवामा अध्यापनरत रहेका र तपसिल बमोजिमको योग्यता र सर्तहरू पूरा गरेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा आवेदन पेस गर्नुहुन आह्वान गरिन्छ । साथै यस अघि माडी नगरपालिकामा सूचीकृत भएका विज्ञहरुले पुन : आवेदन दिनु नपर्ने व्यहोरा जानकारी गराइन्छ।

तपसिलः

क) विज्ञका रूपमा सूचीकृत हुन आवश्यक न्यूनतम योग्यताः

१. आधारभूत तह (कक्षा १-५/कक्षा ६-८): शिक्षा शास्त्रमा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

२. माध्यमिक तह (कक्षा ९-१२): शिक्षा शास्त्रमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको।

ख) निवेदनसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरूः

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
२. न्यूनतम शैक्षिक योग्यता र उच्चतम शैक्षिक उपाधिका प्रमाणपत्रहरूको प्रतिलिपि।
३. अध्यापन अनुमति पत्रको प्रतिलिपि।
४. स्थायी नियुक्ति पत्र तथा कार्य अनुभव खुल्ने प्रमाणको प्रतिलिपि।
५. व्यक्तिगत विवरण (बायोडाटा)।
६. स्थायी लेखा नम्बर (PAN) कार्डको प्रतिलिपि।
७. विषय विज्ञ (रोष्टर) सूचीमा सूचीकृत हुन निवेदन फाराम।

*(नोटः तोकिएको म्यादभित्र र रीतपूर्वक प्राप्त हुन नआएका निवेदनहरू उपर कुनै कारबाही हुने छैन। थप जानकारीका लागि नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गर्न सकिनेछ।।)*

२०८३/०६/०२

(रामचन्द्र खड्का)
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, यूवा तथा खेलकुद शाखा
बसन्तपुर, चितवन
विषय विज्ञ (रोष्टर) सूचीमा सूचीकृत हुन
निवेदन २०८३

श्रीमान् प्रमुख ज्यू,
शिक्षा, यूवा तथा खेलकुद शाखा,
माडी नगरपालिका ।

**विषयः विषय विज्ञ/रोष्टर सूचीमा सूचीकृत हुन पाऊँ ।**

**महोदय,**

प्रस्तुत विषयमा माडी नगरपालिकाको मिति २०८३।०६।०२ गते प्रकाशित सूचनाबमोजिम विषय विज्ञ (Roster) का रूपमा सूचीकृत हुन तपसिल बमोजिमको विवरण र आवश्यक कागजातसहित यो निवेदन पेश गरेको छु ।

**१. व्यक्तिगत विवरण:**

हालसालै खिचेको पासपोर्ट साइजको फोटो

नाम थर: ....................................................................................................
जन्म मिति: ..................................................................................................
स्थायी ठेगाना: जिल्ला: ...................... स्थानीय तह : ...................... वडा नं: ....... टोल:
अस्थायी ठेगाना : जिल्ला: ...................... स्थानीय तह : ...................... वडा नं: ....... टोल: ...............
सम्पर्क मोबाइल नं.: ............................ इमेल: ......................................................
नागरिकता नं. र जारी जिल्ला: .......................................................................
स्थायी नियुक्ति तह : ...................... अध्यापन गरिरहेको तह ...............विषय : ............

**२. विज्ञका रूपमा काम गर्न चाहेको क्षेत्र (✓ चिन्ह लगाउनुहोस्):**

[ ] शिक्षक, कर्मचारी छनोट परीक्षा सञ्चालन
[ ] प्रधानाध्यापक छनौट परीक्षा सञ्चालन

**३. विज्ञका रूपमा सूचीकृत हुन चाहेको तह र विषय:**

तह: माध्यमिक तह [ ]   आधारभूत तह [ ]   विषय: १...............................२.......................

४. शैक्षिक योग्यताको विवरण (माथिल्लो तहबाट क्रमशः लेख्नुहोस्):

| क्र.सं. | शैक्षिक उपाधि | मुख्य विषय | उत्तीर्ण वर्ष | उत्तीर्ण बोर्ड/विश्वविद्यालय | श्रेणी/प्रतिशत |
|---|---|---|---|---|---|
| 1 | | | | | |
| 2 | | | | | |
| 3 | | | | | |
| 4 | | | | | |
| 5 | | | | | |

५. हालको सेवा तथा कार्य अनुभवको विवरण:

| क्र.सं. | कार्यरत संस्थाको नाम र ठेगाना | पद र तह | सेवा अवधि (देखि-सम्म) | मुख्य कार्य/विषय |
|---|---|---|---|---|
| 1 | | | | |
| 2 | | | | |
| 3 | | | | |
| 4 | | | | |
| 5 | | | | |

६. तालिम वा प्रकाशन (प्रश्नपत्र निर्माण, पाठ्यक्रम, वा अनुसन्धान सम्बन्धी कुनै तालिम वा प्रकाशन भए):

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

७. स्वघोषणा:

यस निवेदनमा उल्लेख गरेका सम्पूर्ण विवरणहरू सत्य तथा तथ्यपूर्ण छन् । मैले पेश गरेका प्रमाणपत्र तथा कागजातहरू आधिकारिक रहेको घोषणा गर्दछु । विज्ञसूचीमा सूचीकृत भई परिचालन भएमा माडी नगरपालिकाले तोकेको कार्य, जिम्मेवारी, सर्त तथा प्रचलित कानूनको पालना गर्नेछु । पेश गरेको विवरण झुट्टा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको दस्तखत: ........................................

नाम: .......................................................

मिति: .......................................................